स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पशुपति शर्माको सुपरहिट गीत 'आफ्नो आफ्नो दु:ख'को फिमेल भर्सन सार्वजनिक भएको छ । गायिका समिक्षा अधिकारीको स्वरमा आफ्नो आफ्नो दु:खको फिमेल भर्सन सार्वजनिक गरिएको हो । गीतमा समिक्षाको स्वर सुमधुर सुनिएको छ । गीतको भिडियोमा समिक्षा स्वयम् फिचर्ड छिन् । गीतको भावसँग उनको पनि भाव मिसिएको छ । गीतको शब्द तथा संगीत पशुपति शर्माकै हो । दुर्गा पौडेलको निर्देशन र छायाँकनमा बनेको भिडियोको सम्पादन प्रकाश धमलाले गरेका हुन् ।

आजको विचार...



किन...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



बाबु साहेब बलामीले निर्देशन सम्हालेको फिल्म 'देव वाणी'को क्लाइमेक्सबाट छायांकन सुरु भएको छ । बाराको सिमराबाट दृश्य खिच्न सुरु गरिएको हो । श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको क्लाइमेक्सको एक्सन दृश्यमा मुख्य कलाकारहरु सुनिल थापा, कुन्दन भारद्वाज, रविन्द्र झा, मौसम पौडेल र अनुजा लेप्चा प्रस्तुत छन् । फिल्ममा सुनिल थापा भिलेनको भूमिकामा छन् । मौसम फिल्मस् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टको संयुक्त ब्यानरमा बनिरहेको 'देव वाणी'को सिमरापछि वीरगन्ज, इटहरी र काठमाडौंमा छायांकन हुनेछ । नेपाली र हिन्दी गरी दुई भाषामा बन्न लागेको हो ।

❒ वर्ष २८ ❒ अंक २९९ ❒ २०८० जेठ १४ गते आइतबार 28 May 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### काँग्रेस गुल्मीको संगठन विभाग प्रमुखमा भट्टराई

**पाल्पा,** जेठ १३/नेपाली काँग्रेस गुल्मीको संगठन विभाग प्रमुखको जिम्मेवारी जगदीश भट्टराईलाई दिइएको छ । काँग्रेसले जिल्लाको संगठन विभागको जिम्मेवारी पार्टी सचिव, युवा तथा प्रभावशाली नेता भट्टराईलाई दिएको हो ।

पार्टी सचिवको कूसलता पूर्वक जिम्मेवारी प्रदान गर्दै आएका भट्टराईलाई संगठन विभागको जिम्मेवारी प्रदान गरिएको नेपाली काँग्रेस गुल्मीले जनाएको छ । कैलाशनगर मिडिया प्रालिका अध्यक्ष, सहकारी अभियान्ता समेत रहेका भट्टराई जिल्लाको सामाजिक र राजनीतिक क्षेत्रमा क्रियाशिल रहँदै आएका छन् । लामो समय पत्रकारितामा सक्रिय भट्टराई पछिल्लो समय पार्टी राजनीतिमा सक्रिय हुँदै आएका हुन् । नेविसंघबाट राजनीतिक यात्रा सुरु गरेका उनले सामाजिक शास्त्रमा स्नातकोत्तर गरेका छन् । संगठन विभागको जिम्मेवारी पाएसँगै नेता भट्टराईले पार्टी संगठनलाई चुस्त र बलियो बनाउने दिशामा आफु सक्रिय भएर लाग्ने बताए । उनले पार्टी तहका सम्पूर्ण संगठनलाई चलायमान बनाउँदै काँग्रेसलाई नयाँ दिशा दिने काममा लाग्ने समेत प्रतिवद्धता व्यक्त गरेका छन् ।

## रामपुर नगर सरकारको एक वर्ष

# अव्यवस्थितवासीलाई लाल पुर्जादेखि मजदुरको बिमासम्म

हाम्रा संवाददाता

**पाल्पा,** जेठ १३/जिल्लाको रामपुर नगर सरकारको दोस्रो कार्यकालको पहिलो वर्ष पूरा भएको छ । उसले एक वर्षे कार्यकालमा गरेका २९ कामलाई उपलब्धिका रुपमा सार्वजनिक गरेको छ ।

नगर प्रमुख रमणबहादुर थापाले नगर सरकारको नेतृत्व गरेको ६ वर्ष पुरा भएको छ । पहिलो कार्यकालको नेतृत्व गरेका थापा पुन: दोस्रो कार्यकालका लागि समेत निर्वाचित भए । पहिलो कार्यकालाई सिकाईको रुपमा लिएका थापाले दोस्रो कार्यकालमा भने केही नयाँ काम गर्ने प्रयास गरेका छन् । थापा नेतृत्वको नगर सरकारले एक वर्षमा अव्यवस्थितवासीहरुलाई लालपूर्जा दिनेदेखि मजुरहरुको बिमा गरि दिने सम्मका जनमैत्री काम गरेको छ ।





नगर प्रमुख थापाले उपलब्धी सार्वजनिक गर्दै वर्ष उपलब्धिमूलक र सफल भएको बताएका छन् । उनले भने, 'यो एक वर्षको अवधिमा गरिएको कार्य सम्पादनको आधारमा यो वर्ष उपलब्धिमूलक र सफल भएको महसुस गरेको छु ।' थापाले एक वर्षको अवधिमा झण्डै ५० वर्षदेखि पुर्जाविहिन अवस्थामा रहेका अव्यवस्थितवासीहरुलाई लालपुर्जा वितरण गर्ने काम गरे । राष्ट्रिय भूमि आयोगमार्फत रामपुर नगरपालिका वडा नं. ५, ६ र ७ का दर्ता भएका ७ सय ८३ मध्ये ६ सय १६ अव्यवस्थित जग्गाधनीहरुलाई लाल पुर्जा वितरण गर्न सफल भएको नगर प्रमुख थापाले बताए । वितरण गर्न बाँकी लालपुर्जा यही आर्थिक वर्ष भित्रमा वितरण गर्ने तयारी नगर सरकारको छ । भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अन्य अव्यवस्थित जग्गाहरुको प्रक्रियाको काम समेत शुरु गराउँदै नगरभित्रका ९४ रोपनी १३ आना क्षेत्रफल जग्गाको लाल पुर्जा वितरण गरी १० करोड २४ लाख ९ हजार ६ सय २७ रुपैयाँ राजस्व संकलन गर्न समेत नगर सरकार सफल भएको छ । सो अवधिमा नगरमा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य काम भएको बताइएको छ । निर्माणाधिन कालिगण्डकी करिडोर अन्तर्गत रामपुर -५ को मटेरी, ठूलोटार र वडा नं. २ को भलायटारमा विवादका कारण अवरुद्ध सडक निर्माण कार्य सकिएको नगर प्रमुख थापाले बताए ।

नगर सरकारले पूर्वाधारतर्फ ३.१७ किलो मिटर सडक कालोपत्रे निर्माणाधिन अवस्थामा रहेको र १७.८७ किलोमिटर सडक ग्राबेल, ९.५२ किलो मिटर सडक नयाँ ट्रयाक, ४.८३ किलो मिटर पक्कि नाली निर्माण, २.३९ किलोमिटर पक्कि कुलो निर्माण गरेको छ । स्वास्थ्यतर्फ १ वटा भवन, २० वटा सामुदायिक भवन र २२ वटा ट्रस भवन निर्माण भएको छ । शिक्षातर्फ ५ वटा भवन र स्वास्थ्य तर्फ १ भवन निर्माणाधिन अवस्थामा रहेको नगर प्रमुख थापाले बताए । नगर सरकारले एक वर्षमा १२ वटा टंकी निर्माण र १ लिफटिङ खानेपानी योजना सम्पन्न गरेका छ । थापाले महिलाहरुलाई विभिन्न वडामा आवश्यकता र चाहाना अनुसार तालिम दिई उद्यमी बनाउन सफल भएको बताउँदै उत्पादित सामग्रीको बजारिकरणमा पहल गर्ने पनि बताए ।

-बाँकी अन्तिम पेजमा

गणतन्त्र दिवस, २०८०
भव्यरुपमा मनाऔं
गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं ।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।
संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रेस युनियनको स्थापना दिवस : पाल्पामा असहायलाई भोजन

**पाल्पा,** जेठ १३/प्रजातन्त्रवादी पत्रकारहरुको साझा संगठन नेपाल प्रेस युनियन पाल्पाले तानसेनमा रहेको निलसागर असहाय, अशक्त तथा जेष्ठ नागरिक सेवा आश्रममा पुगेर स्थापना दिवस मनाएको छ । शनिबार युनियनको ३२ औं स्थापना दिवस मनाउन युनियनमा आवद्ध पत्रकार त्यहाँ पुगेका हुन् ।



युनियनले आश्रममा पुगेर त्यहाँ रहेका असहाय, बेसहारा, वृद्धवृद्धा र मानसिक रूपले विक्षिप्त व्यक्तिलाई एक छाक भोजन गराएको छ । उसले त्यहाँ रहेका २२ जना असहाय, बेसहारा, वृद्धवृद्धाहरुलाई एक छाक भोजन गराएको हो । श्रमजीवी पत्रकारहरुको हकहित संरक्षणका लागि २०४८ जेठ १३ गते स्थापना भएको युनियनले असहाय, बेसहारा, वृद्धहरुसँग माया र सद्भाव साट्ने उद्देश्यले आश्रममै पुगेर स्थापना दिवस मनाइएको युनियनका जिल्ला अध्यक्ष मन गहिरेले बताईन् । उनले भनिन्,'बेसहारा भई आश्रममा पुगेका आमाबुवाहरुलाई एक छाक भए पनि खाना खुवाएर उनीहरुप्रति सम्मान र आदर प्रकट गरिएको हो ।' जिल्लाको टिमसँगै आश्रममा पुगेका प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले असहाय, बेसहारा, वृद्धवृद्धाप्रति देखाएको सद्भाव प्रशसनिय रहेको बताए । उनले लोकतन्त्र, गणतन्त्र, सघीय व्यवस्था ल्याउनमा प्रेस युनियनको भूमिका महत्वपूर्ण रहेको स्मरण गर्दै विपन्न, असहाय, अशक्तहरुको पक्षमा समेत युनियनमा आवद्ध पत्रकारहरुले सशक्त रुपमा कलम चलाउँदै आएको धारणा व्यक्त गरे । युनियनका निवर्तमान जिल्ला अध्यक्ष भरत शर्माले आफु नेतृत्वमा हुँदा युनियनको स्थापना दिवस अश्रममै मनाएको स्मरण गर्दै नयाँ नेतृत्वले समेत आश्रममा रहेका वृद्धवृद्धा आमाबुवाहरुप्रति सद्भाव देखाएकोमा खुसी व्यक्त गरे । युनियनका उपाध्यक्ष रामचन्द्र रायमाझीले श्रमिक, असहाय, अशक्त र वृद्धवृद्धाहरुको पक्षमा सधै युनियनका पत्रकारले कलम चलाउँदै आएको बताए । उनले भने,'जहिले पनि यि वर्गका व्यक्तिहरु पत्रकारको प्राथमिकतामा पर्ने भएकाले पनि युनियनको स्थापना दिवस उहाँहरुसँगै बसेर मनाउने गरेका हौं ।' निलसागर आश्रमका संयोजक देव प्रसाद बज्राचार्यले पत्रकारहरुले आश्रममा रहेका नागरिकहरुप्रति देखाएको माया, दया करुण र सद्भावको प्रशंसा गर्दै धन्यवाद दिए । उनले सहयोगी दाताहरुको सहयोगमा आश्रम सञ्चालन गर्दै आएको बताए । संयोजक बज्रचार्यले भने,'हामीले सहयोगीहरुबाटै वृद्धवृद्धाहरुको व्यवस्थापन गर्दै आएका छौं, अहिले उहाँहरुलाई खानाको व्यवस्थापन गर्न निकै धौं-धौं भएको छ । पानीको समेत समस्या झेल्नु परेको छ ।' आश्रमको व्यवस्थापनका लागि स्थानीय, प्रदेश र संघीय सरकारको ध्यान जान सकेमा केही भए पनि सहज हुने उनले बताए । तानसेन नगरपालिकाका प्रेस सल्लाहकार मुक्ति न्यौपानेले तानसेन नगर सरकारले आर्थिक वर्षको बजेटमा आश्रमको व्यवस्थापनको विषय समावेश गरेको बताए । पत्रकारहरुले भोजन गराएकोमा आश्रममा रहेका बुवाआमाहरु उत्साहित भएका थिए । औपचारिक कार्यक्रम युनियनका सभापति मन गहिरेको सभापतित्व, सचिव विष्णु प्रसाद घिमिरेको सञ्चालनमा भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## दण्डहीनतालाई प्रश्रय नदेऊ

अदालतले 'हत्यारा' र 'अपराधी' नै करार गरिसकेपछि सरकार र राजनीतिक दलले त्यसलाई उन्मुक्ति दिन लागेको विषयले फेरी एक पटक सबैको ध्यान केन्द्रीत गरेको छ । वर्तमान सरकारले पूर्वसांसद रेशम चौधरीलाई बाँकी सजाय माफी दिने गरी काम अगाडि बढाएकाले यसको फेरी आलोचना भएको हो । राष्ट्रपति रामचन्द्र पौडेलले कैलालीको टीकापुर घटनामा दोषी ठहर भएका पूर्वसांसद चौधरीको सजाय माफी निवेदनउपर कारवाही गर्न आदेश दिएसँगै सरकारलाई त्यसबारे निर्णय गर्न बाटो खुला भएको छ । सरकारले पनि जेठ १५ गते गणतन्त्र दिवसका दिन चौधरीलाई बाँकी सजाय माफी दिने गरी अगाडि बढेको छ । तीन तहको अदालतले 'हत्यारा' र 'अपराधी' नै करार गरिसकेपछि बाँकी कैद भुक्तान नगरी संविधान र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ विपरीत चौधरीलाई कारागारमुक्त गर्ने सत्तारुढ दलहरूको प्रयास निन्दनीय छ । यो लोकतन्त्र र विधिको शासन विपरीत हो । राष्ट्रपतिले कैद र अपराध माफ गर्न सक्ने प्रावधान देखाएर चौधरीलाई माफी दिनु भनेको राजनीतिलाई पूर्ण रूपमा अपराधीकरण गर्नु मात्र होइन अपराधलाई राजनीतिकरण गर्नु पनि हो ।

२०७२ को भदौमा सुदूरपश्चिममा थरूहट संघर्ष समितिले आन्दोलन चर्काउँदा भएको झडपमा आन्दोलनकारीको आक्रमणबाट नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक लक्ष्मण न्यौपानेसहित आठ सुरक्षाकर्मी र एक बालकको ज्यान गएको थियो । सो आन्दोलनको नेतृत्व गरेका चौधरीलाई सरकारले घटनाको मुख्य योजनाकारको रुपमा मुद्दा चलाएको हो । हिंसात्मक घटनामा निष्पक्ष छानबिन गरेर दोषीलाई कारवाही गर्नुपर्नेमा सरकारले नै संलग्नलाई उन्मुक्ति दिन खोज्नु विडम्बनापूर्ण हो । दण्डहीनतालाई प्रश्रय दिने यस्तो कदमले राजनीतिक आन्दोलनको आवरणमा गरिने हिंसात्मक गतिविधिले बढावा मात्र पाउँदैन, पीडितको न्याय प्राप्तिको हकसमेत कुण्ठित हुन्छ । यसले आम नागरिकमा असुरक्षाको अनुभूति बढाउँछ । सँगै सुरक्षाकर्मीको मनोबलसमेत गिराउँछ । सत्तारूढ राजनीतिक दलहरूले आफ्नो सत्ता टिकाइराख्ने बहानामा जघन्य अपराधको घटनामा उन्मुक्ति दिनु उचित होइन । यस्ता कार्यले विधिको शासन, लोकतन्त्र र पीडितको स्वच्छ न्यायमा असर पर्नुका साथै दण्डहीनतालाई समेत प्रश्रय पुग्छ । आपराधिक घटनालाई राजनीतिक दृष्टिले मात्र हेर्दै जाने हो भने आवाजविहीन नागरिकहरूको राज्यप्रतिको आसा एवं भरोसा टुट्दै जाने अवस्था सिर्जना हुन्छ । तसर्थ दण्डहीनतालाई प्रश्रय दिने खालका कुनै पनि कार्य सरकार र राजनीतिक दलबाट हुनुहुँदैन ।

## Opinion @ Social Network

समयले अनगिन्ती घाउ दिएर जान्छ, फरक यति हो, कुनै घाउको मलम हुन्छ, अनी कुनै घाउ सहने चलन हुन्छ

*(नीरु कार्की नेपालको फेसबुक स्टाटसबाट https://www.facebook.com/niru.karkinepal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन बढ्दै छ गणतन्त्रप्रति निराशा ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

**राजतन्त्र र गणतन्त्रमा के फरक ? नागरिकहरुले यस्तै-यस्तै छलफलको विषय बनाएको पाइन्छ । हामीले ठूलो उपलब्धि मानिएको गणतन्त्रमा किन यति छोटो समयमै नागरिकहरुमा निराशा व्यक्त हुन थाल्यो ? यो चिन्ताको विषय बनेको छ । यसतर्फ राजनीतिक नेतृत्वको ध्यान जान जरुरी देखिन्छ । हरेक कुरा भोटसँग जोड्नु, अधिक राजनीतिक हस्तक्षेप बढ्दै जानु गणतन्त्रमा निराशा उत्पन्न गराउनुका मुख्य कारणको रुपमा लिन सकिन्छ । पछिल्लो समय गणतन्त्र माथि आशा हैन् निराशाका आवाजहरु बढदै गएको देखिन्छ ,किन आवाज बढ्दै गएको छ । यसै सँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्न खोजिएको छ ।**

नेपालमा गणतन्त्र स्थापनाको संघर्ष सैद्धान्तिक रूपमा २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी स्थापनासँगै सुरु भएको हो । व्यावहारिक रूपमा राजतन्त्रको अन्त्यसहितको राजनीतिक व्यवस्था स्थापना भएको पनि डेढ दशक हुन लागेको छ । २०४६ को परिवर्तनपछि जसरी आम जनता बहुदलीय व्यवस्थामा दिक्क भएका थिए, अहिले गणतन्त्रसहितको संघीयतामा आधारित व्यवस्थामा पनि असन्तुष्ट हुन थालेका छन् । किनभने आम मानिसका आधारभूत समस्या समाधान हुने कुनै जूनकिरी देखा परेको छैन । देशभित्र उत्पादन नहुने, बेरोजगारले बिदेसिनुपर्ने अनि जो उत्पादन गरिरहेछन् उनीहरू संकटमा परिरहनुपर्ने– यो नै मूल कारण हो । जसले गणतन्त्रबारे आम मानिसमा निराशा जन्माएको छ । त्यसै गरी सयौं वर्षदेखि उत्पीडित महिला, दलित, जनजाति, मुस्लिम, मधेशी माथिको अन्याय नयाँ- नयाँ रूपमा जारी रहनुले पनि गणतन्त्रसहितको व्यवस्थाप्रति उदासीनता जन्माएको छ । स-साना कुरामा एउटा राजालाई खेदेर संयौ राजा बनाईयो । राजतन्त्र र गणतन्त्रमा के फरक ? नागरिकहरुले यस्तै-यस्तै छलफलको विषय बनाएको पाइन्छ । हामीले ठूलो उपलब्धि मानिएको गणतन्त्रमा किन यति छोटो समयमै नागरिकहरुमा निराशा व्यक्त हुन थाल्यो ? यो चिन्ताको विषय बनेको छ । यसतर्फ राजनीतिक नेतृत्वको ध्यान जान जरुरी देखिन्छ । हरेक कुरा भोटसँग जोड्नु, अधिक राजनीतिक हस्तक्षेप बढ्दै जानु गणतन्त्रमा निराशा उत्पन्न गराउनुका मुख्य कारणको रुपमा लिन सकिन्छ । पछिल्लो समय गणतन्त्र माथि आशा हैन् निराशाका आवाजहरु बढदै गएको देखिन्छ ,किन आवाज बढ्दै गएको छ । यसै सँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्न खोजिएको छ ।

देशको साशन व्यवस्थाको सर्वोच्च पदमा सर्वसाधरण जनता पुग्ने व्यवस्थालाई गणतन्त्र भनिन्छ । प्रजातन्त्र र लोकतन्त्रमा जस्तो सरकार सञ्चालनमा मात्रै जनता संलग्न हुने अवस्थाको अन्त्य यस व्यवस्थाले गर्दछ । नेपालमा दश वर्षे जनयुद्ध र वि.स २०६२/०६३ को १९ दिने जनआन्दोलनको सफलतासँगै नेपालमा पनि गणतन्त्रिक साशन व्यवस्थालाई मुर्तरुप दिने क्रियाकलाप सञ्चालन भए । लामो इतिहास बोकेको राजतन्त्रातमक साशन व्यवस्थालाई अन्त्य गरेर गणतान्त्रिक साशन व्यवस्था सानो प्रयासमा स्थापित भएको भने पक्कै होइन । वि.स. २०५८ मा भएको दरवार हत्याकाण्ड पछि विस्तारै नेपाली जनतामा राजा प्रतिको आस्था र सम्मानमा कमि आएको परिस्थितीमा त्यस माथि राजा ज्ञानेन्द्रले राजनीतिक दलहरु माथि लगाउन खोजेको प्रतिबन्ध र साशन व्यवस्था आफ्नो हातमा लिएपछि माओवादीको जनयुद्धलाई निष्कर्षमा पुऱ्याउनका लागि थप सहयोग पुगेको देखिन्छ । अन्ततः परिणाम स्वरुप वि.स २०६५ मा नेपाल विधिवत रुपमा राजतन्त्रबाट गणतान्त्रिक साशन व्यवस्थामा रुपान्तरण भयो भने नेपालको संविधान २०७२ ले यसलाई बैधानिकता प्रदान गऱ्यो । गणतन्त्र स्थापना पछि ठूलो आशा बोकेर बसेका नेपाली जनताको हितका लागि विगतमा रहेका बेथितीलाई नेपाली राजनीतिककर्मीले अन्त्य गर्नुको सट्टा झन् झन् बढाउदै लैजादा यस माथि प्रश्न चिन्ह मात्रै होइन निराशानै उत्पन्न हुन थालेको देखिन्छ । अधिक राजनीतिक हस्तक्षेप, अधिक राजनीतिक ढाकछोपको कारण राज्य सञ्चालन प्रक्रिया नै कमजोर मात्रै नभएर अस्तव्यस्त अवस्थामा पुगेको देखिन्छ । आजभोली राजनीतिक दलका कार्यकर्ताहरु जस्तोसुकै अपराध, काण्ड, भष्ट्राचार, गैर कानुनी र वेथितीमा संलग्न हुन बचाउ र पक्ष पोषण गर्न खुलेआमा ठूला भनिएका राजनीतिक दलहरु अगाडि सरेको पाईन्छ । यस मामलामा पछिल्लो समय एमाले र उसका पार्टी अध्यक्ष ओली खुलेआम रुपमा यस मामिलामा अगाडि सरेको देखिन्छ । बालुटार जग्गा काण्ड, ७० करोड अडियो काण्ड हुदै भुटानी शरणार्थी काण्डमा टोपबहादुर बचाउमा उनी खुलेरै लागेको प्रष्ट देखिन्छ । दलका नेतृत्व वर्ग आफ्ना अन्धभक्त कार्यकर्तालाई जस्तो सुकै अपराधबाट बचाउन सफल भएता पनि गणतन्त्रलाई दिगो राख्ने कुरामा भने कतै असफल त हुने हैनन् शंका उत्पन्न भएको छ ।

पछिल्लो समय जनमानसमा संयौ राजा स्थापित गर्न किन हटाउनु परेको थियो त राजतन्त्रात्मक शाशन व्यवस्थालाई भन्ने सवाल पनि उत्पन्न हुन थालेको देखिन्छ । तुलनात्मक रुपमा गणतन्त्र र संघीय व्यवस्थासंगै राज्यको आम्दानीको स्रोत भन्दा पनि खर्चको क्षेत्र अत्याधिक बढ्दै गएको देखिन्छ तर त्यो बढ्दो खर्च जनताको सुविधा र जनताको जीवनस्तर सुधारका लागि भने भएको देखिदैन् । खर्च मात्रै कहाँ हो र ? भ्रष्टचार ,बेथिती र कानुन विपरीतका कार्य पनि बढ्दै गएको देखिन्छ भने भोट र चुनाव जित्ने आशमा यसमा कमि ल्याउनमा पनि नेतृत्व सफल हुने देखिदैन् । विकास निमार्णका कार्यहरु आवश्यकता, औचित्य र प्राथमिकताका आधारमा हैन, दौडधुप र शक्तिको आधारमा भैरहेको देखिन्छ । बजेट र योजना निमार्ण विधिका आधारमा हैन राजनीतिक शक्तिका आधारमा भएको देखिन्छ । यस अवधिमा दलले तयार पारेका चम्चेहरुको हस्तक्षेप र दौडधुप अत्याधिक मात्रामा भएको देखिन्छ । बजेट जनताको जीवनस्तर र दैनीकी सुधारमा हैन करोडौको भ्युटावर सवारी साधन खरीद, मेला उत्सव तथा जनताका सेवक भनिएका जनप्रतिनिधिको सेवा सुविधा थप जस्ता अनुत्पादक क्षेत्रमा केन्द्रीत भएको देखिन्छ । यस्ता पक्षले जनतामा गणतन्त्र प्रतिनै वितृष्णा उत्पन्न भएको देखिन्छ । भन्ने गरिन्छ गणतन्त्रपछि नेपाल त विना मेहीको दाहि जस्तै भएको छ । देश अभिभावक विहिन जस्तै भएको छ । यहाँ राज्यको नीति, नियम, कानून पालना गर्ने, राष्ट्रहितका पक्षमा कार्य गर्ने कसैलाई फुर्सत नै छैन् । कसरी करोडौ जम्मा गर्ने र आगामी चुनाव आफु अनुकुलको बनाउनेतर्फ मात्रै नेतृत्वको ध्यान गएको देखिन्छ । पछिल्लो समय अभ्यास गरिएको राज्यको नयाँ संरचनाका कारण वर्तमान अर्थतन्त्र जर्जर र संकट उन्मूख अवस्थामा रहेको देखिन्छ तर यसतर्फ अध्ययन र विश्लेषण गर्ने फुर्सद राजनीतिक दलका नेतृत्वमा देखिदैन् । तीनकै आसेपासे ठेकेदारका कारण विकास निमार्ण कार्यको समयमै सम्पन्नता र गुणस्तरता माथि प्रश्नहरु उसब्जरहेका छन् तर उत्तर दिने फुर्सद कतै देखिदैन् । बेथितीको नियन्त्रणका लागि स्थापना भएका संवैधानिक अंगहरु निरिह जस्तै देखिन्छन् । उनीहरुमा महाअभियोगको हतियारको मानसिक त्रास देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग लामो निद्रामा सुते जस्तो देखिन्छ भने कहिले काहि बिउझिदा सुब्बा ,खरीदार र स-सानो भ्रष्टाचार मात्रै देख्ने अवस्थामा पुगेको छ । न्यायको मुर्ति मानिने सर्वोच्च अदालतबाट आउने फैसला सामान्य मानिसनै आर्श्चय हुने खालका आउने गरेको देखिन्छ । राजनीतिक भागबण्डा र नियुक्तिले सरकारका सबै अगहरु दिर्घ रोगमा फसेको मानिस जस्तै देखिन्छन्, यही संस्कारलाई निरन्तरता दिदै जाने हो भने सरकारी, अर्थ सरकारी, संस्थानहरु माथी उठ्ने होइन धरासायीनै हुने देखिन्छ । यी सबैं गणतन्त्रमा हाबि भएको अधिक राजनैतिक हस्तक्षेपका कारण उत्पन्न भएका हुन् ।

राष्ट्र हित र यसको पक्षमा अन्तर्राष्ट्रिय निकायहरुमा दरिलो आवाज राख्ने कार्य पनि बन्द भएको देखिन्छ । विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय समुहको नेपालको सरकार निमार्ण र सरकारले गर्ने कार्यहरुमा हस्तक्षेप गरेको देखिन्छ । संघीय सरकारमार्फत भएका बेथिती खोज गर्न नै फुर्सत नभएका राज्यका निकायहरु प्रदेश र स्थानीय तहहरुबाट भएका मनपरी, गैर कानुनी र स्वेच्छाचारी बेथितीको खोज र नियन्त्रण गर्नेतर्फ फुर्सत नै नभएको देखिन्छ । सरकारी निकायका कर्मचारीहरु सेवा प्रवाहमा भन्दा आफु अनुकुलको सरुवा, बढुवा, नियुक्ति खानका लागि राजनीतिक नेतृत्व अनुकुलको कार्य गर्न र उनीहरुको चाकरीमा दौडधुप गरेको देखिन्छ । हामीले ल्याएको गणतन्त्रमा यस्ता प्रवृत्ति मौलाउदै जानु पक्कै जनतामा निराशा उत्पन्न गराउनुको कारण हो । जनताको साशन, जनताको नेतृत्वमा पनि हिजोको सरकार परिवर्तन र राजनीतिक अस्थिरताले हिजो भन्दा झन् बढी दरमा प्रवेश पाउनुले जनतामा झन बढी निराशा थपिदै गएको देखिन्छ । प्रदेश, संघले जस्तै ३/४ लाखको योजना कनिका छरे जस्तो बाडीरहेको छ भने स्थानीय तह गाउँ घरमा सिहदरवारको अभ्यासको लागि सुविधा थप्दै राजा बन्ने अभ्यास गर्दै छ । ठूला राजनीतिक दल र सरकार सञ्चालक आफ्नो कार्य शैली सुधार गर्नतर्फ हैन् बालेन र हर्कलाई कसरी असफल बनाउने भन्ने तर्फ समय बेथित गरिरहेको देखिन्छ । अथावा स्रोत साधनको परिचालनका लागि वेखबर जस्तै बनेर हरिणले आफ्नो सुगन्ध थाहा नपाई खोजमा भौतारिएको जस्तै दलहरु दातृराष्टहरुसँग भिख मागेर संघीयता सफल पार्न र गणतन्त्रलाई बचाई राख्न तम्सी रहेको देखिन्छ गणतन्त्रमा जनताको दैनिकी सुधारका लागि सरकारहरुले प्रयास नगरेका भने पक्कै होइन् । शिक्षा ,स्वास्थ्य र विकासका पूर्वाधारमा धेरै परिवर्तन आएको देखिन्छ तर नेतृत्व कर्ता र सरकार सञ्चालकहरुले बेला बेलामा देखाउने कार्यशैली र व्यवहारले गणतान्त्रिक शाशन व्यवस्थामा जनतामा निराशा र वितृष्णा भने उत्पन्न गराएको देखिन्छ । जनताको साशन व्यवस्था मानिने गणतन्त्रबाट आम जनताले ठूलो अपेक्षा राखेको तर राजनीतिक दलहरुले विगतको व्यवहारलाईसंगै हिडालेकाले जनतामा गणतन्त्र माथि निराशा उत्पन्न भएको देखिन्छ । जनतामा बढ्दै गएको निराशामा कमि ल्याई, यसलाई सुधार गर्दै गणतन्त्रलाई दिगो तथा जनतामा खुशी, सुखी थप्ने कार्यमा सरकार सञ्चालक र राजनीतिक दलहरु आ-आफ्नो ठाउँबाट लाग्न जरुरी देखिन्छ ।*(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभ समाचार सुन्न पाइनेछ । हर्ष उल्लासमा दिन बित्नेछ । | **तुला** : पढाइलेखाइमा प्रगति होला । गुरुजनको प्रशस्त साथ मिल्नेछ । |
| **बृष** :स्वास्थ्य अवस्था कमजोर हुनेछ । पठनपाठनमा मन नलाग्ने समय छ । | **बृश्चिक** : बौद्धिक क्षमताको प्रस्फुटन हनाले सृजनात्मक सफलता मिल्नेछ । |
| **मिथुन** : पढाइलेखाइमा प्रगति होला । गुरुजनको साथ मिल्नेछ । | **धनु** : प्रेममा धोका हुने सम्भावना छ । वैदेशिक क्षेत्रका काममा भने राम्रै छ । |
| **कर्कट** :समय रमाइलो रहला । मित्रता र प्रेमको बन्धन कसिने बेला छ । | **मकर** :आत्मबल बढ्ने देखिन्छ । ठूलाबडाको साथ मिल्नेछ । |
| **सिंह** :आम्दानी बढ्नेछ । व्यावसायिक काममा फाइदा उठाउने समय छ । | **कुम्भ** :आर्थिक लाभ मिल्नेछ । आम्दानीका बाटाहरु प्रशस्तै खुल्नेछन् । |
| **कन्या** :विवादमा परिने योग र मानसम्मानमा आघात पर्ने योग छ । | **मीन** : पछाडि बसेर कुरा काट्नेहरु सक्रिय हुनेछन्, मन खिन्न हुनेछ । |

# कृषि

## किसानलाई बाख्रा वितरण



भरतपुर महानगरपालिका-२२ का १५ परिवारलाई बाख्रा वितरण गरिएको छ । निर्वाहमुखी कृषिकर्म गरिरहेका कृषकलाई प्रोत्साहन गर्न एउटा परिवारलाई दुईवटाका दरले बाख्रा वितरण गरिएको हो ।

भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले बाख्रा वितरण गर्दै निम्न आयस्तर भएका नागरिकको जीवनस्तर सुधार्न युवा लक्षित कार्यक्रम सञ्चालनमा ल्याएको बताए । यो कार्यक्रममार्फत बाख्रा, बङ्गुर कुखुरा र हाँस वितरण गरिनेछ । 'राम्रो प्रतिफल दिने किसानलाई पुरस्कृत गरिनेछ, १७ समूहलाई रु दुई लाखका दरले वितरण गरिनेछ', उनले भने । भरतपुर महानगरपालिकाका कृषि महाशाखा प्रमुख तेजेन्द्र पौडेलले कृषिको व्यावसायीकरणको क्रममा ठूला कृषक समेटिने तर निम्न आय भएका कृषक नसमेटिने भएकाले बाख्रा वितरण कार्यक्रम ल्याइएको बताए । निर्वाहमुखी कृषक कार्यक्रममार्फत ९० जनाले दुई वटाका दरले बाख्रा पाउने जानकारी दिए । उनले महानगरपालिकाले यो कार्यक्रमलाई निरन्तरता दिने बताए । भरतपुर महानगरपालिकाको अनुदानमा ९० क्विन्टल धानको बीउ वितरण गरिएको छ । भरतपुर-२१ को समाज उत्थान कृषि सहकारीमा अयोजित कार्यक्रममा कृषकलाई धानको बीउ वितरण गरिएको हो । महानगरपालिकाले प्रतिकिलो रु ३० का दरले अनुदान दिएको हो । भरतपुरमा रहेका ७२ कृषि सहकारीमार्फत दुई सय ३३ मेट्रिक टन बीउ नौ हजार बढी कृषकलाई वितरण गरिने भरतपुरका कृषि महाशाखा प्रमुख पौडेलले जानकारी दिए । उन्नत बीउले २० प्रतिशत उत्पादन वृद्धि गर्ने अनुसन्धानले देखाएको छ । **-रासस**

## जो 'पञ्चामृत' र 'जीवामृत' हालेर फलाउँछन् बाली

किसानहरूको सबभन्दा ठूलो समस्या रासायनिक मलको अभाव हो। चाहिएका बेला मल नपाउँदा उत्पादन राम्रो नभएको गुनासो गर्छन् ।

अर्कोतिर मल र विषादीमा हुने ठूलो खर्चले लागत बढाउँछ । लागत बढ्दा आम्दानी घट्छ । किसान छवि न्यौपाने पनि यी दुवै समस्याबाट पीडित थिए। केही वर्षयता भने ढुक्क छन् । उनलाई न रासायनिक मल पाइएन भन्ने चिन्ता छ न विषादी किन्नुपरेको छ । पश्चिम चितवनका न्यौपाने बोटबिरूवालाई चाहिने मल, पोषक पदार्थ आफैं बनाउँछन् । ढुसी, कीराको प्रकोप, अरू रोग निको पार्ने विषादी पनि आफैं तयार गर्छन् । उनको फार्म भरतपुर महानगरपालिका-२५ मा छ। 'प्रभात प्रांगारिक कृषि उत्पादन केन्द्र' नामको फार्ममा चार वटा लाम्चो आकारका कोठा छन् । भित्र ठूला आकारका केही भाँडाहरू राखिएको छ जसको बिर्को खोल्दा कडा गन्ध आउँछ । 'यी भाँडामा गुणस्तरीय बाली उत्पादनका लागि माटोलाई योग्य बनाउन आवश्यक पर्ने तत्वहरू छन्,' बिर्को खोल्दै न्यौपानेले भने, 'मैले यहाँ माटोका लागि फाइदाजनक जीवाणु, जरा र डाँठका लागि पोषक तत्व र रोगबाट जोगाउने वस्तु उत्पादन गरेको छु ।' उनले हरियो भाँडोमा रहेको तरल पदार्थ देखाए, नाम हो 'जीवामृत' । जीवामृत बनाउन दूध, दही, घिउ, मोही, गोबर, गोमूत्र, नरिवलको पानी, भेली, वर र पिपलको बोटमुनिको माटो प्रयोग गरेका छन् । यो भाँडोमा गर्मी याममा १२ देखि १५ दिनमा र जाडोमा २० देखि २२ दिनमा जीवामृत बन्छ। उनका अनुसार यति अवधिमा उक्त मिश्रणमा पर्याप्त नाइट्रोजन, पोटास, फोसफरस इत्यादि तत्व हुन्छ । उक्त मिश्रण खेत जोत्दा, बाली लगाउँदा, बिरूवा हुर्किँदै गर्दा अनि फूल र फल लाग्दासम्म प्रयोग गर्छन् । '१० कठ्ठा जमिनमा एक पटकमा २५० लिटर छर्छु,' उनले भने, 'यसले माटोमा लाभदायक जीवाणु तयार गरेर मलको काम गर्छ । माटाको गुणस्तर सुधारेर योग्य बनाउँछ ।' अर्को भाँडोमा थोरै फरक मिश्रण तयार गरेका छन् । यसमा दूध, दही, घिउ, नरिवलको पानी, भेली प्रयोग गरेका छन्। त्यसको नाम राखेका छन् 'पञ्चामृत' । पञ्चामृतले बिरूवामा फूल र फल लाग्न पोषणको काम काम गर्ने उनले बताए । तेस्रो भाँडोमा 'वेस्ट डिकम्पोजर' छ । छविका अनुसार यसले बिरूवाको जरा र डाँठ बलियो बनाउँछ । 'वेस्ट डिकम्पोजर' बनाउन सुरूमा गोमूत्रबाट बन्ने 'मदर सिड' किनेर ल्याउनुपर्छ । मदर सिडमा अत्यधिक मात्रामा लाभदायक जीवाणु हुन्छन् । यसलाई भेलीमा घोलेर 'वेस्ट डिकम्पोजर' तयार गर्नुपर्छ । 'बिरूवा राम्ररी हुर्किन जरा र डाँठ बलियो हुनुपर्छ । डिकम्पोजरले त्यो काम गर्छ,' न्यौपानेले भने, 'यसले बिरूवालाई रोगबाट मुक्त पार्छ । रोगसँग लड्ने क्षमता विकास गर्छ ।' उनले बालीमा लाग्ने विभिन्न किसिमका ढुसी नियन्त्रण गर्न अमिलो मोही, मेवाको पात, आँकको पात, गोमूत्र शुद्ध बेसार र बढी पिरो हुने खुर्सानी मिलाएर 'निमास्त्र' नामको औषधि तयार पारेका छन् । बिरूवालाई असर गर्ने छेडुवा कीरा नियन्त्रण गर्न निमको पात र दाना, आलो गोबर, गोमूत्र र पानीबाट पनि औषधि तयार गरेका छन् । उनले 'घनजीवामृत' नामको मल पनि उत्पादन गरेका छन् । न्यौपानेले टहरोभित्रका लाम्चा कोठामा सुकेको पात र गोबर हालेर गँड्यौला पालेका छन् । गँड्यौलाले मल गुणस्तरीय बनाउँछ। उनी त्यही मल खेतबारीमा प्रयोग गर्छन् । भरतपुर महानगरपालिकामा उनको खेती छ । धान, मकै, गहुँ र तरकारी उत्पादन गर्छन् । उनको मुख्य पेसा कृषि नै भए पनि व्यावसायिक रूपमा खेती सुरू गरेको सात वर्ष भयो । करिब तीन बिघा आफ्नै जमिनमा तरकारी खेती गरेर उनले व्यावसायिक कृषि सुरू गरेका थिए । त्यसपछि जमिन भाडामा लिएर १६ बिघा पुऱ्याए । 'सुरूमा त अरूले जे गरेका थिए, मैले पनि त्यही गरेँ। घन्टौं लाइनमा बसेर रासायनिक मल जुटाएँ । बालीका लागि रासायनिक पौष्टिक तत्व, ढुसी र कीरा मार्न विषादी किनेँ,'न्यौपानेले भने, 'त्यसको प्रयोगले तत्कालका लागि उत्पादन पनि राम्रै भएको थियो ।' उनलाई खेतीको आफ्नै तरिका मन परेको थिएन । रासायनिक मल, विषादी र औषधि किन्न धेरै पैसा खर्च भइरहेको थियो । 'यताबाट एक लाख रूपैयाँ कमायो, उता पसलमा त्योभन्दा बढीको बिल बनिरहेको हुन्थ्यो । नाफा लिनै गाह्रो । चार वर्षअघि मल, विषादी र औषधिमा मात्रै डेढ लाख रूपैयाँभन्दा बढी खर्च हुन्थ्यो,' उनले सुनाए, 'अघिल्लो वर्ष राम्रो उत्पादन हुने तर विस्तारै घट्दै जाने भयो ।' उनले २०५६ सालमा 'नेपाल पर्माकल्चर समूह' मा आबद्ध भएर जैविक खेतीसम्बन्धी ज्ञान हासिल गरेका थिए । विषादीले माटो बिगारेको निष्कर्ष भएपछि न्यौपानेले जैविक खेती गर्ने निर्णय लिए। जैविक खेती गर्ने किसानकहाँ पुगेर अवलोकन गरे । आफ्नो सिकाइ र अनुभवीका सुझावअनुसार आफैंले मल र औषधि बनाउन सुरू गरे । यसरी बालीमा 'पञ्चामृत', 'जीवामृत', 'घनजीवामृत' लगायत नाम दिएर आफैंले बनाएको मल र औषधि हालिरहेका छन् उनी। रासायनिक मल र रासायनिक विषादी प्रयोग नगरेको चार चार वर्ष भयो । 'जैविक मल, पौष्टिक तत्व र जैविक विषादी बनाउन मेरो श्रम र समयबाहेक थप खर्च छैन । यसलाई करिब शून्य लागत भन्दा पनि हुन्छ,' न्यौपानेले भने, 'अरूले भन्ने गरेको जस्तो रासायनिक मल प्रयोग गर्दाको भन्दा कम उत्पादन भएको छैन । बरू बढेको छ ।' उनी ज्योतिनगरका गाईपालका किसानको गोठबाट गोमूत्र र गोबर ल्याउँछन् । यसबापत उनले सुधारिएको गोठ बनाइदिएका छन् । उनले ती किसानको गोठमा ड्रम राखेका छन् । किसानहरूले त्यसमै गोमूत्र जम्मा गरिदिन्छन् । ड्रम भरिएपछि ल्याउँछन् । गोबरका लागि उनी आफैंले पनि गाईभैंसी पालेका छन् । 'विषादीको अत्यधिक प्रयोगले खेतमा लाभदायक जीवाणु नष्ट भए, माटो मृत भयो । यस्तो अवस्थाको माटोमा फाइदाजनक जीवाणुहरू तयार गरेर बिरूवालाई चाहिने तत्व प्रवाह गर्ने प्राकृतिक कृषि पद्धति अनुसरण गर्नुपर्छ,' न्यौपानेले भने, 'बिउ लगाएपछि बालीले करिब ३.५ प्रतिशत तत्व माटोबाटै लिन्छ । थप तत्व हावा, घाम र बायुबाट लिन्छ । स्तरीय खेतीका लागि हामीले यी सबै पक्षमा ध्यानमा दिनुपर्छ।' उनका अनुसार जैविक खेतीबाट माटो जोगिने र मानव स्वास्थ्यमा फाइदा पुग्छ । तरिका पुऱ्याएर काम गर्न सके राम्रो फाइदा लिन सकिन्छ । प्रकृतिसँग मिलेर काम गर्न सक्दा केही समस्या हुँदैन । 'तीस वर्षअघि खेती गर्दा रासायनिक मल र विषादी चाहिँदैन थियो,' उनले भने, 'फेरि पनि त्यसै गर्न सकिन्छ । अहिले उपभोक्ताको माग पनि अर्गानिक (जैविक) उत्पादन छ । यो बढाउनै पर्छ ।' गत वर्ष उनले सन्तोषजनक आम्दानी गरे । यसपालि धेरै जमिनमा मकै लगाएका छन् । यसको च्याँख्ला तयार पारेर 'प्रभात प्रांगारिक कृषि उत्पादन केन्द्र'को ब्राण्डमा बजार पठाउने उनको लक्ष्य छ । गत वर्ष उनले ७० क्विन्टल च्याँख्ला बेचेका थिए । न्यौपाने आफ्नो उत्पादन काठमाडौं, पोखरा, बुटवल लगायतका सहरमा पनि पठाउँछन् । केही ग्राहक उनको खेतबारीमै आएर किन्छन् । 'चितवनको बजारमा धेरै बिक्री हुन सकेको छैन । बाहिरबाट धेरै माग छ,' उनले भने, 'बिस्तारै सबैले अर्गानिक उत्पादनको महत्व बुझ्छन् । म उत्पादन बढाउनेदेखि यससम्बन्धी चेतना फैलाउने अभियानमा सक्रिय भएर लाग्छु ।' किसानले कृषिको लगानी उठाउन गाह्रो भयो भनिरहेको यो समयमा न्यौपानेको लक्ष्य लागत मूल्य घटाउने र लगानी नडुब्ने कृषि पद्धति विकास गर्नु हो ।**-सेतोपाटी डटकम**

## 'गाउँले एफएमदाइको गाउँले तरकारी आयो है आयो '!



'गाउँले एफएमदाइको गाउँले तरकारी आयो है आयो ! होलसेलमा तरकारी किन्नुस् ।' ५० वर्षीय नगेन्द्र खड्का डोकोमा तरकारी बोकेर बजार-बजार डुल्दै चिच्याउँछन्, ठट्यौलो शैलीमा । दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका- ९ डौंसुरमा उनको तरकारीखेती छ - 'सागर कृषि तथा पशुपक्षी फार्म' नामबाट । सागर भने उनको छोराको नाम हो । यहाँ ६ रोपनी जग्गामा व्यावसायिक तरकारीखेती गर्ने खड्काले वार्षिक ५-६ लाख रुपैयाँ आम्दानी गर्छन् । 'घरमा पाँचजनासँग मोबाइल छ, सबैले फेसबुक हेर्न्या पैंसा कहाँबाट आउँछ ? यही तरकारीबाट हो नि,' हँसिलो मुहारमा उनले भने, 'अहिलेका केटाकेटी खेतीपाती गर्न मरेजत्तिकै मान्छन्, हामीलाई पाल्लान् जस्तो छैनन्, क्यार्नु मै बुढो खट्नुपर्छ ।' हाँसेर कुरा गर्नु उनको स्वभाव हो । दिनरात तरकारीबारीमा खटिएर उब्जाएको तरकारी बेच्न वरपर ठूलो बजार छैन । डौंसुर, बिन्द्रासैनी, जम्बुकाँध लगायत स्थानीय बजारका खुद्रा पसलमा उनले डोकोमा तरकारी बोकेर पुऱ्याउँछन् । 'एकपटक ५५ केजी लिएर गएको रहेछु, बिक्रीपछि मात्र थाह भयो, आफूले उब्जाएको तरकारी गरुङ्गो भएको पनि थाह नहुने रहेछ क्या !' उनी भन्छन्, 'बुढिया मुन्छे, डोको बोक्दा-बोक्दा थाप्लोका रौं गइसके यार । केटाकेटीले बोकेर लगिदिन्नन्, क्यार्नु !' बोलीपिच्छेजसो 'यार' लगाउनु उनको थेगोजस्तै रहेछ । घरमा श्रीमती (खजुरा) ले दुई भैंसी, एक हल गोरु र केही बाख्रा पालेर उनलाई सघाएकी छन् । यी गाईवस्तुको मल उनले तरकारीमा प्रयोग गर्छन् । उनका चार सन्तानमध्ये जेठी छोरीको विवाह भइसक्यो । जेठाले १२ पास गरेर गाउँमै व्यापार गरिबसेका छन् । एक छोराले भर्खरै १८ महिने भेटेनरी कोर्स पूरा गरे, एक छोरीले १२ कक्षा पास गरेकी छन् । छोराछोरीलाई यतिसम्मको शिक्षादीक्षा उनले तरकारी बेचेरै दिएका हुन् ।

**'गाउँले एफएम दाइ'**

०५८ सालतिर, डौंसुरमा उनको सानो पसल थियो । पसलमा उनले रेडियो राखेका थिए । त्यतिबेला जनयुद्ध उत्कर्षमा भएकाले त्यसका समाचारप्रति स्थानीयको चासो बढी थियो । रेडियो नेपाल, माओवादीले सञ्चालन गरेको रेडियो, नेपालगन्जको बागेश्वरी एफएम, कैलाली टीकापुरको फूलबारी एफएम आदिबाट बज्ने समाचार उनले गाउँहरुलाई चर्को 'भोल्युम'मा सुनाउँथे । 'आज यो ठाउँमा यस्तो भीडन्त भयो, यतिजनाको मृत्यु भयो, यतिजना घाइते भए भनेर सबैलाई भन्थेँ,' उनी भन्छन् । विश्वका घटना पनि उनलाई थाहा हुन्थ्यो । त्यहीबेला माओवादीकै एक नेताले उनको नाम 'गाउँले एफएम दाइ' भनेर राखिदिए, त्यसपछि गाउँमा उनी यही नामले चिनिन थाले । '०४३ सालतिर रेडियो नेपालबाट चौतारी कार्यक्रम आउँथ्यो, जहाँ अहिलेका इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कँडेल समेत ठाडीभाका गाउँथे,' उनी भन्छन्, 'त्यही बेलादेखि मेरो रेडियोतर्फ र गीत-संगीततर्फ लगाव रह्यो ।' देउडा र लोकगीतमा उनको खास रुचि छ । केही वर्षअघि दैलेख, सुर्खेतबाट प्रसारण हुने धेरैजसो रेडियो कार्यक्रममा उनी पुग्थे र बोल्थे-गाउँथे । गाउँले लबज र प्रस्ट आवाजमा गीत गाउने उनी कतिपय श्रोतामाझ 'नगेन्द्र खड्का गाउँले एफएम' नामले चर्चित थिए । अहिले पनि उनको घरको बाहिर रेडियो झुन्डिएको हुन्छ । रेडियो सुन्दै उनी बारीमा काम गर्छन्

**बजार बुझेर उत्पादन :** ०७८ वैशाखमा उनले थाहा पाएका थिए- मंसिरमा आम चुनाव हुन्छ । चुनावको प्रचारमा आउने कार्यकर्ताले तरकारी किन्छन् भन्नेमा उनी विश्वस्त थिए । मंसिरमा मात्रै २० हजार बराबरको सिमी बिक्री भयो । 'निर्वाचनको अवधिमा ६ क्विन्टल त बन्दा मात्रै बिक्री भयो,' उनी भन्छन्, 'उम्मेदवारलाई मैले उत्पादन गरेको सिमी र टमाटरको माला समेत लगाइएको थियो ।' उनले सिमी, काँक्रा, चिचिन्डो लगायतको बिउ पनि आफैं उत्पादन गर्छन् । हाइब्रिड जातको बिउ भने पसलबाट खरिद गर्छन् । गएको फागुन-चैतमा मात्र उनले २५ हजार रुपैयाँ बराबरको चिचिन्डोका बेर्ना बिक्री गरे । 'मैले तरकारी कहिले बिक्री हुन्छ भन्ने बुझेर उत्पादन गर्छु,' उनी भन्छन्, 'यसपालि दुई सय बोट खुर्सानी लगाएको थिएँ, राम्रै फलेको छ ।' गएको माघ-फागुनमा लगाएको तरकारी उनले यही वैशाखदेखि बिक्री गर्न थालेका छन् । यसपालि डेढ महिनाको बीचमा उनले ४० हजार रुपैयाँ बराबरको काँक्रा, ६० हजार बराबरको चिचिन्डो बिक्री गरिसके । उनको बारीमा यतिखेर एक क्विन्टलजति काँक्रा बिक्रीका लागि तयार छन्, चिचिन्डो पनि लटरम्म फलिरहेका छन् । अहिले चिचिन्डो प्रतिकेजी सय रुपैयाँमा बिक्री भइरहेको छ । ठुला दुईवटा टनेलमा ६ क्विन्टलजति गोलभेडा तयार छन् । 'एउटा बोटमा ३-४ केजीसम्म टमाटर फल्छ,' उनले भने, 'भर्खरै मात्र २५ सय रुपैयाँको टमाटर बेचेर आएँ । अर्गानिक टमाटर हो यो, ६० रुपैयाँ केजीमा बिक्री भइरहेको छ ।' कृषिसम्बन्धी तालिम लिएका उनले घरमै कीटनाशक औषधि बनाउँदा रहेछन् । आफूले अहिलेसम्म तरकारीमा विषादीको प्रयोग नगरेको उनको दाबी छ । हँसिला र जोसिला उनी भन्छन्, 'अर्गानिक मल नै फालाफाल छ यार बाबु ! बजारिया मल किन किन्नु, माटो बिगार्छ ।' केही दिनअघि परेको असिनाले उनको बारीमा केही क्षति पुऱ्यायो, यसको क्षतिपूर्ति उनले कहींबाट पाएनन् । उनले व्यावसायिक तरकारीखेती सुरु गरेको १० वर्ष भयो । त्यसअघि उनले परम्परागत रूपमा खेती गर्दै आएका थिए । 'अहिलेसम्म राज्यबाट कुनै अनुदान वा सहयोग पाएको छैन,' उनी गुनासो गर्छन्, 'वास्तवमा राज्यले दिने करोडौं अनुदान रकम बिचौलियाको हातमा जाने गरेको छ ।' तरकारीखेतीका लागि उनलाई सिँचाइको समस्या छ । एकपटक सेवक नाम गरेको एक संस्थाले उनलाई पाल दिएको थियो । पालको छानो राखी उनले बारीनजिकै पोखरी बनाएका छन् । 'वरपर पानीको ठुलो मुहान नभएकाले सिँचाइको समस्या अझै छ,' उनी भन्छन् ।

**मंसिरमा मात्रै २० हजार बराबरको सिमी बिक्री भयो । 'निर्वाचनको अवधिमा ६ क्विन्टल त बन्दा मात्रै बिक्री भयो,' उनी भन्छन्, 'उम्मेदवारलाई मैले उत्पादन गरेको सिमी र टमाटरको माला समेत लगाइएको थियो ।' उनले सिमी, काँक्रा, चिचिन्डो लगायतको बिउ पनि आफैँ उत्पादन गर्छन् । हाइब्रिड जातको बिउ भने पसलबाट खरिद गर्छन् । गएको फागुन-चैतमा मात्र उनले २५ हजार रुपैयाँ बराबरको चिचिन्डोका बेर्ना बिक्री गरे ।**




**१२ केजीको मुला, ७ केजीको काँक्रा**

एकपटक उनको बारीमा १२ केजीसम्मको एउटा मुला फलेको थियो । गत वर्ष, सात केजीको एउटा काँक्रा फल्यो । जसलाई चामुण्डाबिन्द्रासैनी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत तिलक विकले किनिदिए । कक्षा ३ सम्म पढेका उनी यतिखेर तरकारीखेतीबारे गाउँलेलाई जनचेतना दिने भएका छन् । 'कसरी ठुलो र फलाउने भन्नेबारे अध्ययन गर्छु,' उनी भन्छन्, 'तरकारी लगाउनुभन्दा एक महिनाअघि बारीलाई तयार गरेको हुन्छ, प्रत्येक बोट लगाउँदा एक हात गहिराई र चौडा पनि मिलाएर खन्छु ।' सबैभन्दा राम्रो बाली प्रदर्शन गरेकाले अघिल्लो वर्ष उनी एक्लैले नगरपालिकाबाट प्रथम, दोस्रो र तेस्रो पुरस्कार थापे । 'एउटा मामुली कृषकका लागि पुरस्कार पाउनु निकै ठुलो हो, यसले हौसला प्रदान गर्छ,' उनले भने । मान्छेका आ-आफ्नै सोख हुन्छन् । पहिले रेडियोप्रेमी उनी समयसँगै यतिखेर टिकटकतिर मोडिएका छन् । कृषिबारे जानकारीमूलक भिडिओ बनाएर उनले 'नगेन्द्र खड्का ४४९' नामक टिकटक आइडीबाट सेयर गर्छन् । कुराकानीको अन्त्यमा उनले भने, 'यसो कसैले सहयोग गरिदिए एउटा गीत रेकर्ड गर्ने ठुलो चाहना छ ।'

**-रातोपाटी डटकम**

# जातीय विभेद हिन्दु धर्ममा छैन : स्वरुपानन्द

कृष्ण पोखरेल ——

**पाल्पा,** जेठ १३/ एक हजार आठ स्वामी स्वरुपानन्द महाराज सरस्वतीले हिन्दु धर्ममा जातिय विभेद नभएको बताएका छन् । विश्व हिन्दु महासंघ पाल्पाले तानसेनमा आयोजना गरेको नेपाल देशीय वेदान्त सम्मेलनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।




स्वरुपानन्दले जातको कुरा गरेर हिन्दु धर्मलाई कमजोर बनाउने काम भएको भन्दै हिन्दु धर्ममा कुनै त्यस्तो जातिय विभेद नभएको स्पष्ट पारे । उनले मानवमा कुनै जातजाती नभएको पनि बताए । स्वरुपानन्दल भने 'जातजाती कामको आधारमा वर्गीकरण गरिएको हो ।' कर्मको आधारमा एउटै बाबाको छोरा ब्राहमण, क्षेत्री, बैश्य र छुद्र हुने बताउँदै स्वरुपानन्द महाराजले जातको कुरा गरेर हिन्दु धर्म लाई कमजोर बनाउने काम हुनु दुखद् भएको बताए । वेद संसारको सबैभन्दा उत्कृष्ट विज्ञान ग्रन्थ भएको भन्दै उनले आत्मा कहिल्यै नमर्ने बताए । उनले भने,'आत्माले बस्ने स्थान परिवर्तन गरी अन्य स्थानमा गएको अवस्थालाई हामी मानवले मानिसको मृत्यु भयो भनेर चिन्ता लिने गरेका छौं ।' मानव जीवनमा गरेको कर्मको आधारमा आत्मा स्थानान्तरण हुने स्वरुपानन्दले बताए । कार्यक्रममा विश्वहिन्दु महासंघका केन्द्रिय सदस्य भिमलाल भट्टराईले कार्यपत्र प्रस्तुत गर्दै सनातन हिन्दु धर्मले जातीय विभेदको परिकल्पना नगरेको बताए । कार्यपत्रको टिप्पणी गर्दै त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका उप-प्राध्यापक डा. शंकर गैरेले संस्कृत भाषा कर्मकाण्डी भाषा नभई एउटा बैज्ञानिक भाषा भएको बताए । हिन्दु धर्ममा कर्मको आधारमा जातपात निर्माण भए पनि अहिले सोही कुरा विकृतीको रुपमा फैलिएको टिप्पणीकार गैरेले बताए । कार्यपत्रमाथी टिप्पणी गर्दै डा. गैरेले हरेक विषयबस्तुले गोलमोटल कुरा भन्दा पनि तथ्यमा आधारित भएर विषयबस्तु प्रस्तुत हुनु पर्नेमा जोड दिए । महासंघका जिल्ला अध्यक्ष कमल पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सरस्वती शर्माको स्वागत र सचिव तुल्सी गैरे घिमिरेको संञ्चालनमा भएको थियो । सम्मेलनमा सनातन हिन्दु धर्मका गुरुहरुको सहभागीतामा रहेको थियो ।

# बालवालिकालाई नेतृत्व क्षमता विकास तालिम




**पाल्पा,** जेठ १३/मखनटोल टोल विकास संस्थाले तानसेन नगरपालिका -४ का बालबालिकाहरुलाई एक दिने बालविकास तालिम प्रदान गरेको छ । बालवालिकाहरुको चौतर्फी विकास तथा हकहितमा केन्द्रित गरेर तालिम सञ्चालन गरिएको मखनटोल टोल विकास संस्थाले जनाएको छ ।

वडाका बालबालिका लक्षित कार्यक्रम अर्न्तगत सञ्चालन भएको बालविकास तालिममा जिल्ला प्रशासन कार्यालय पाल्पाका नायव सुब्बा मनोज आचार्य, सिविआर पाल्पाका कार्यक्रम संयोजक कृष्ण गहतराजले सहजिकरण गरेका थिए । वडा-वडामा बालक्लवको भूमिका, टोल-टोलमा बालबालिकाले खेल्नुपर्ने दायित्व, नगरपालिका तथा वडामा बालक्लवले खेल्नुपर्ने भूमिका बालबालिकाको नेतृत्व तथा क्षमता विकासको बारेमा प्रशिक्षक आचार्य र गहतराजले सहजीकरण गरेका थिए । कार्यक्रममा ४ का वडा अध्यक्ष हेमन्तराज शाक्यले बालबालिकाको चौतर्फी विकास गर्न, उनीहरुको क्षमता बढाउन, बालबालिकाको हक अधिकारको साथै बालक्लवले गर्ने कामलाई लक्षित गरेर लक्षित बर्गको कार्यक्रम अर्न्तगत तालिम सञ्चालन गरिएको बताए । आगामी दिनमा पनि बालबालिकाको हकहितको लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिने वडा अध्यक्ष शाक्यले बताए । कार्यक्रममा प्रशिक्षक मनोज आचार्यले तानसेन नगरपालिकाका मखनटोल टोल विकास संस्थाले जिल्लामा उदाहरणीय काम गर्दै आएको बताए । बालबालिकालाई हरेक किसिमका कुराहरु सानै उमेर देखी नै सिकाउनु पर्ने बाटो देखाउनु पर्ने भएकाले यस्ता कार्यक्रम प्रभावकारी हुने प्रशिक्षक आचार्यले बताए । तालिममा सहभागी बालबालिकाहरुलाई प्रमाणपत्र र खेलकुद सामग्रीहरु वितरण गरिएको थियो । कार्यक्रमा सहभागी अञ्जु कुमालले तालिमले क्षमता विकासमा राम्रो सहयोग पुगेको बताईन । संस्थाकी अध्यक्ष प्रमिला कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष रोजिता श्रेष्ठको स्वागत र सचिव ज्ञानु कार्कीको सञ्चालनमा भएको थियो ।

# तानसेनमा रोट्र्याक्ट क्लवले गर्‍यो महिनावारी मेला

**पाल्पा,** जेठ १३/जिल्लाको तानसेनस्थित टुँडिखेलमा शनिबार महिनावारी मेला भएको छ । रोट्र्याक्ट क्लव अफ पाल्पा लुम्बिनीले विभिन्न संघ संस्थाहरुको सहयोगमा महिनावारी दिवसको अवसर पारेर महिनावारी मेला गरेको हो ।



आम नागरिकलाई महिनावारीको ज्ञानबारे सचेत गराई चलिआएको अन्धविश्वास हटाउने मेलाको मुख्य उद्देश्य रहेको थियो । मेलामा प्रजनन स्वास्थ्य, सरसफाइ र महिनावारी सम्बन्धित सचेतनामूलक स्टलहरु राखिएका थिए । स्टलबाट प्रजनन स्वास्थ्य, महिनावारी जस्ता विषयमा आवश्यक परामर्श र जानकारी गराइएको थियो । मेलामा पुन: प्रयोग गर्न मिल्ने प्याडबारे स्थानीयलाई सचेत समेत गरिएको क्लवकी पव्लिक रिलेसन अफिसर स्नेहा बस्नेतले बताईन् । उनका अनुसार प्याडको प्रयोग र फाइदाको ज्ञान पनि दिइएको थियो । २ सय ५० भन्दा बढीले मेला अवलोकन गर्नुको साथै महिनावारी, स्वास्थय प्रजनन्, प्याडको प्रयोग, बनाउने तरिकाका विषयमा जानकारी लिएका छन् । महिनावारीप्रतिको गलत दृष्टिकोणलाई हटाउने र स्वस्थ रहने बानी बसाल्ने उद्देश्यले मेला राखिएको क्लबका अध्यक्ष रो.राजेश कोइरालाले बताए । उनले भने,'महिनावारीबारे धेरैजसो अहिले पनि खुलेर कुरा गर्दैनन् । प्राकृतिक प्रक्रियाबारे ग्रामीण क्षेत्रमा नकारात्मक सोच र भ्रम समेत छन् । रजस्वला सम्बन्धीकै गलत धारणा र अन्धविश्वास चिर्नका लागि मेला आयोजना गरेका हौं ।' मेलाको औपचारिक कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले क्लवले महिनावारी जस्तो संवेदनशील विषयमा सचेतनामूलक मेला आयोजना गरेर प्रशसनिय कार्य गरेको बताए । उनले महिनावारीको परम्परागत धारणा तथा स्वच्छताका लागि मेलाले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे ।

तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले महिनावारी मेला ग्रामीण भेगमा पुगेर सचेत गराउन सके अझ प्रभावकारी बन्ने बताए । उनले गाउँ-गाउँमा यस्ता कार्यक्रमको महत्व हुने धारणा व्यक्त गरे । कार्यक्रममा तानसेन ६ का वडा अध्यक्ष सागरमान महर्जन, परिवार नियोजन संघ पाल्पाका प्रवन्धक शोबकान्त न्यौपाने, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सचिव सुमन गैरे, क्लवका चार्टर प्रेसिडेन्ट रो. केशव खनाल, रोट्र्याक क्लव अफ तानसेनका रो.कला दाहाल, कार्यक्रम संयोजक रो.नमूना रसाईली, क्लवका सचिव सुदेशा रिमाल लगायतले मेलाले महिनावारीसम्बन्धी कुप्रचलन हटाउन मत्वपूर्ण भूमिका खेल्ने भन्दै स्थानीय तहले यस्ता मेला आयोजना गर्ने हो भने महिनावारीप्रति भएका भ्रमहरु चिर्न सकिने बताएका थिए । क्लवकी रो. सजना नेपालले कार्यक्रम सञ्चालन गरेकी थिईन् । महिनावारी लाई पनि रमाइलो ढंगले मनाउन सकिने सन्देश मेलाले दिएको छ । मेलामा परिवार नियोजन संघ पाल्पाले पनि क्लवसँग समन्वय गरी मासिक कप र अन्य साधानहरुको बारेमा जानकारी दिन स्टल राखेको थियो । शनिबार बिहान दश बजेदेखि साँझ ५ बजेसम्म मेला भएको थियो । विद्यार्थी र बुढापाकाहरु समेत मेलामा सहभागी भएका थिए । मेलामा विभिन्न सन्देशमूलक प्रचारको स्टल, खेल प्रतियोगिता समेत रहेका थिए । क्लवले मे २२ देखि साताव्यापी रुपमा महिनावारी सप्ताह सञ्चालन गरेको थियो । सप्ताह कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयका विद्यार्थीहरुलाई महिनावारीका बारेमा जानकारी गराउर्नुको साथै प्याडको प्रयोग र निर्माण गर्ने तरिका सिकाइएको थियो । यस्तै क्लवले आमसमूहमा आवद्ध महिला दिदी बहिनी तथा आमाहरुलाई गर्भ अवस्थाका बारेमा पनि जानकारी गराएको थियो ।


**Rampur Municipality**
**Office of the Municipal Executive**
**Rampur, Palpa**

## Re- Invitation for Bids

**Date of Publication: 2080-02-14(2023-05-28)**

**1.** Rampur Municipality invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods.

**2.** Eligible Bidders may obtain further information and inspect the bidding documents at the www.bolpatra.gov.np/egp.

**3.** The name and identification of the contract are as follows:

| Contract No. | Contract Name | Last date & time of Bid document Purchasing. | Last date & time of Bid document Submission. | Bid Opening date & time | Estimated Amount, NRs.(Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| RMO/Goods/SQ/37/079/80(RE) | Procurement of Electrical Items for Maulathar Tubag Lifting water supply Project. | 2080/02/29 12:00 hrs. | 2080/02/29 12:00 hrs. | 2080/02/29 13:00 hrs. | **10,57,013.43** | 27,000.00 | 1000.00 |
| RMO/Goods/SQ/38/079/80(RE) | Procurement of Electrical Items for Lamtang gailuk water supply Project. | 2080/02/29 12:00 hrs. | 2080/02/29 12:00 hrs. | 2080/02/29 13:00 hrs. | **12,14,239.67** | 31,000.00 | 1000.00 |

**4.** The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

***chief administrative officer***



**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**



**गणतन्त्र दिवस २०८० भव्यरुपमा मनाऔं । गणतन्त्रका उपलब्धी संस्थागत गरौं । संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।**

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# अव्यवस्थितवासीलाई...

युवा स्वरोजगार मार्फत रोजगार सिर्जना गर्नुका साथै कृषि र पर्यटन क्षेत्रमा पनि कार्य भैरहेको उनले बताए । नगर सरकारले जेष्ठ नागरिक ग्राम तथा अपाङ्गता गृहको लागि प्रक्रिया अघि बढाएको छ भने रामपुर क्षेत्रमा कार्यरत मजदुरहरुको सुरक्षाको लागि बिमा कार्यक्रम समेत लागु गरेको छ । उसले नगरपालिकाबाट प्रवाह हुने सेवालाई डिजिटल प्रविधियुक्त बनाउने कामको शुरुवात पनि गरेको छ । नगरपालिकाले आन्तरिक आम्दानी वृद्धिका लागि करको दर भन्दा पनि करको दायरा बढाउने काम गरेको छ ।

हालसम्म नगरपालिकाले आन्तरिक आयमार्फत २ करोड ६४ लाख १७ हजार ९ सय ७९ रुपैयाँ राजश्व संकलन गरेको छ । उपप्रमुख बालकुमारी थापाले नागरिकलाई न्यायको प्रत्याभुति दिलाउनका लागि न्याय सम्पादनको कामलाई न्यायोचित रुपमा अगाडि बढाईएको बताइन् । न्यायिक समितिमा यस वर्ष ८१ वटा निवेदन परेको मध्ये ५७ वटा मिलापत्र गरिएको र २ वटा अदालत पठाईएको छ । प्रमुख प्रशासकिय अधिकृत लेखनाथ न्यौपानेले प्राशनिक सेवालाई थप सहज र सरल बनाउने काम गरिएको बताए ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई